# संगठित संस्थाको लिखित परीक्षा (खर्च व्यवस्थापन) संचालन कार्यविधि, २०७७

**आयोगको निर्णय मिति : २०७७।०४।०१**

**प्रस्तावना :**

लोक सेवा आयोगबाट संगठित संस्थाको पदपूर्तिका लागि परीक्षा संचालन गर्न आवश्यक खर्च व्यवस्थापन सम्बन्धी कार्यप्रकृया सरल एवं स्पष्ट गर्न आवश्यक भएकाले,

लोक सेवा आयोग ऐन, २०६६ को दफा ५४ ले दिएको अधिकार प्रयोग गरी लोक सेवा आयोगले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी कार्यविधिहरुको नाम **"संगठित संस्थाको लिखित परीक्षा (खर्च व्यवस्थापन) संचालन कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि लोक सेवा आयोगले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा र व्याख्या**: (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आयोग" भन्नाले लोक सेवा आयोग संझनु पर्छ ।

(ख) "ऐन" भन्नाले लोक सेवा आयोग ऐन, २०६६ संझनु पर्छ ।

(ग) "संगठित संस्था" भन्नाले नेपालको संविधान बमोजिमका संगठित संस्था संझनु पर्छ ।

(घ) "लिखित परीक्षा" भन्नाले संगठित संस्थाको पदपूर्तिको लागि पाठ्यक्रम निर्माण, प्रतिशत निर्धारण, विज्ञापन सहमति, प्रश्नपत्र निर्माण, परिमार्जन, परीक्षा सञ्चालन, कोडिङ, नतिजा तयारी र प्रकाशन लगायतका यस्तै कामहरु संझनु पर्छ ।

(२) यस कार्यविधिको व्याख्या आयोगबाट हुनेछ ।

३. **आयोगको जिम्मेवारी :** संगठित संस्थाको पदपूर्तिका लागि लिइने लिखित परीक्षाको लागि आवश्यक खर्च व्यवस्थापन सम्बन्धमा आयोगको जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) पदपूर्तिका लागि विज्ञापन सहमती दिंदा आयोगको प्रचलित ऐन, नियम तथा निर्देशिका बमोजिम लिखित परीक्षामा लाग्ने खर्चको प्रारम्भिक अनुमान तयार गरी सम्बन्धित संगठित संस्थामा पठाउने ।

(ख) लिखित परीक्षाको लागि आयोगले माग गरे बमोजिमको आवश्यक रकम सम्बन्धित संगठित संस्थाबाट अर्थ मन्त्रालयले तोकेको नेपाल सरकारको राजश्व खातामा दाखिला भए, नभएको एकिन गर्ने ।

(ग) लिखित परीक्षा सञ्चालनका लागि सम्बन्धित संस्थाले आयोगबाट माग भए बमोजिम नेपाल सरकारको राजस्व खातामा दाखिला भएको रकम नपुग भएमा र विनियोजित रकम नपुग भएको अवस्थामा आयोगले माग गरे बमोजिम अर्थ मन्त्रालयबाट थप निकासा दिएको रकम सम्बन्धित संस्थाबाट तोकिएको राजस्व खातामा दाखिला गर्न लगाउने ।

(घ) सम्वन्धित संगठित संस्थाबाट राजस्व खातामा रकम जम्मा गरेको भौचरको प्रमाणित प्रतिलिपि तथा वैंक स्टेटमेण्ट (विवरण) प्राप्त गरी लेखांकन गर्ने ।

(ङ) राजस्व दाखिलाको विवरण प्राप्त गरी आयोगलाई प्राप्त वजेटबाट परीक्षा सम्वन्धी कार्य सम्पादन गर्ने ।

(च) आयोगले लिखित परीक्षा सम्पन्न भएपछि परीक्षामा भएको खर्चको संलग्न अनुसूची बमोजिमको विवरण सम्बन्धित संगठित संस्थामा पठाउने ।

(छ) आयोगको स्वीकृत मापदण्ड/पारिश्रमिक दररेट अनुसार खर्च गरी सोको लेखांकन गर्ने, खर्चको लेखापरीक्षण गर्ने, गराउने ।

४. **बजेट निकासा र राजस्व सम्बन्धी व्यवस्था** : संगठित संस्थाको पदपूर्तिका लागि लिइने लिखित परीक्षाको लागि आवश्यक वजेट निकाशा, राजस्व समायोजन तथा फिर्ता सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) संगठित संस्थाको लिखित परीक्षा सञ्चालन गर्न आयोगले आवश्यक वार्षिक बजेट विनियोजन गर्नेछ ।

(ख) संगठित संस्थाको परीक्षा सञ्चालनको लागि आयोगलाई विनियोजित रकम नपुग भएमा सम्बन्धित संगठित संस्थाले नेपाल सरकारको राजस्व खातामा

जम्मा गरेको रकमको आधारमा आयोगले माग गरे वमोजिम अर्थ मन्त्रालयले थप रकम निकासा दिने ।

(ग) लिखित परीक्षा सम्बन्धी कार्य प्रारम्भ नहुदै कुनै कारणवश परीक्षा सम्बन्धी कार्य हुन नसक्ने भई राजस्व खातामा जम्मा भएको रकम खर्च नभएमा वा परीक्षा सम्बन्धी कार्यमा कूल खर्च भएको रकम भन्दा सम्बन्धित संगठित संस्थाले राजस्व खातामा जम्मा गरेको रकम बढी भएमा त्यस्तो रकम सम्बन्धित संस्थाको आगामी वर्षको कार्यक्रम संचालनको लागि उपयोग गर्न सक्नेछ ।

साथै कुनै कारणवश संगठित संस्थाको लागि लिखित परीक्षा सञ्चालन हुन नसक्ने भएमा वा संगठित संस्थाले परीक्षा सञ्चालन गर्न तत्काल आवश्यक नभएको भनि लिखित अनुरोध गरेमा त्यस्तो परीक्षा सञ्चालन खर्च वापत दाखिला भएको राजस्व फिर्ता माग गर्न सक्नेछ । संगठित संस्थाले फिर्ता माग गरेको उक्त रकम लोक सेवा आयोगले अर्थ मन्त्रालयबाट निकासा लिई फिर्ता गर्नुपर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम रकम निकासा लिई फिर्ता गर्नु परेमा सम्बन्धित संगठित संस्थाको अनुरोधमा आयोगले सो को विवरण उल्लेख गरी गरेको सिफारिस तथा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट राजस्व रकम दाखिला भएको भन्ने व्यहोरा खुलेको प्रमाणको आधारमा अर्थ मन्त्रालयबाट निकासा लिई उक्त रकम फिर्ता दिनेछ ।

५. **संगठित संस्थाको जिम्मेवारी :** संगठित संस्थाको पदपूर्तिका लागि लिइने लिखित परीक्षाको लागि आवश्यक खर्च व्यवस्थापन सम्बन्धी संगठित संस्थाको जिम्मेवारी देहाय बमोजिम हुनेछ:

(क) आयोगको पदपूर्ति सम्वन्धी वार्षिक कार्यतालिका अनुसार पदपूर्ति गर्न सहमति माग गर्ने ।

(ख) संगठित संस्थाको पदपूर्तिका लागि आयोगद्धारा लिइने लिखित परीक्षाको लागि दफा ३ को खण्ड (ख) बमोजिमको आवश्यक रकम सम्बन्धित संगठित संस्थाले

संघीय सञ्चित कोषमा जम्मा हुने गरी राजस्व संकेत नम्बर १४२२४ मा जम्मा गर्नु पर्नेछ ।

(ग) दफा (ख) बमोजिमको राजस्व संकेत नम्बरमा दाखिला गरेको रकमको दाखिला भौचरको प्रमाणित प्रति र वैंक विवरण (स्टेटमेण्ट) आयोगमा पठाउने ।

(घ) राजस्व खातामा रकम दाखिला गरेपछि मात्र आयोगबाट पदपूर्ति सम्वन्धी कार्य संचालन हुने भएकोले सो को लागि समयमै आवश्यक रकम दाखिला गर्ने, गराउने ।

(ङ) दफा (घ) बमोजिम रकम दाखिला गरिसकेपछि कुनै कारणवश परीक्षा सम्बन्धी कार्य प्रारम्भ हुन नसकेमा वा कूल खर्च रकम भन्दा दाखिला भएको रकम बढी भएमा दाखिला गरेको सक्कल भौचर तथा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट राजस्व रकम दाखिला भएको भन्ने प्रमाण समेत संलग्न गरी समायोजन वा फिर्ताको लागि आयोगमा पेश गर्ने ।

(च) आयोगले परीक्षा सम्पन्न भएपछि संस्थामा उपलब्ध गराएको संलग्न अनुसूची वमोजिमको खर्चको विवरणलाई आधार मानी खर्चको हिसाब मिलान तथा लेखापरीक्षण गर्ने, गराउने ।

६. **लेखापरीक्षण सम्बन्धी व्यवस्था** : संगठित संस्थाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा सम्वन्धी कार्य संचालन गर्दा भएको खर्चको लेखापरीक्षण सम्वन्धी व्यवस्था देहाय वमोजिम हुनेछ ।

(क) आयोगले संगठित संस्थाको परीक्षा संचालन गर्दा भएको खर्चको आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालयले तोके वमोजिम गर्ने गराउने छ ।

(ख) आयोगले संगठित संस्थाको लिखित परीक्षा सम्वन्धी कार्य संचालन गर्दा भएको खर्चको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयवाट हुनेछ ।

७. **विविध :** संगठित संस्थाको लिखित परीक्षा सञ्चालनसम्मका कार्यका लागि स्वीकृत मापदण्ड बमोजिम खर्च हुने विषय बाहेक थप आर्थिक दायित्व सिर्जना हुने विषयमा अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ ।

# अनुसूची - १
## संगठित संस्थाहरुमा पठाउने खर्चको विवरण
(दफा ३ को च सँग सम्बन्धित)

**आ.व. :**

**संस्थाको नाम :** **कारोबार अवधि :**

| सि.नं. | नेपाल सरकारको राजस्व खातामा | | | खर्च विवरण | कर बाहेकको खर्च रकम | कर कट्टि रकम | जम्मा खर्च रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा गरेको रकम | जम्मा गरेको मिति | भौचर नं. | | | | | | |
| १. | | | | पाठ्यक्रम निर्माण | | | | | |
| २. | | | | कच्चा प्रश्नपत्र निर्माण | | | | | |
| ३. | | | | प्रश्नपत्र परिमार्जन | | | | | |
| ४. | | | | परीक्षा संचालन | | | | | |
| ५. | | | | कोडिङ | | | | | |
| ६. | | | | उत्तरपुस्तिका परीक्षण | | | | | |
| ७. | | | | नतिजा तयारी | | | | | |
| ८. | | | | नतिजा प्रकाशन | | | | | |
| ९. | | | | मसलन्द | | | | | |
| १०. | | | | विविध | | | | | |
| **जम्मा राजश्व दाखिला** | | | | | | | | | |
| **जम्मा खर्च** | | | | | | | | | |
| **यसअघिको खर्च** | | | | | | | | | |
| **कुल जम्मा खर्च** | | | | | | | | | |
| **कूल बाँकी रकम** | | | | | | | | | |

____________ 
तयार गर्ने

____________ 
प्रमाणित गर्ने